**सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल**

**स्थानीय राजपत्र**

**खण्डः ५** **संख्या :५** **मितिः २०७८/०३/०६**

**भाग-२**

**सानीभेरी गाउँपालिका**

**गाउँ कार्यापालिकाको कार्यालय**

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

संम्बत् २०७८ सालको कार्यविधि नं ५

# सानिभेरी गाउँपालिका बालश्रम मुक्त घोषणा सम्वन्धी कार्यविधि, २०७८

**कार्यपालिकाबाट पास गरेको मितिः २०७८/०३/०२**

**अध्यक्ष बाट प्रमाणित गरेको मितिः २०७८/०३/०६**

प्रस्तावनाः नेपालको संविधानको धारा ३९ (४) मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै खन्य जोखिमपुर्ण काममा लगाउन नपाइने व्यवस्था गरेको छ । साथै संविधानले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यवाट शिक्षा, स्वास्थ्य, पालन पोषण उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वागीण व्यक्तित्व विकासका साथै प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक प्रत्याभूत गरेको छ । प्रत्येक बालबालिकालाई बाल अनुकुल न्याय तथा जोखिममा रहेका बालबालिकालाई राज्यवाट विशेष संरक्षण र सुविधा पाउने गरी बालबालिकाको संवैधानिक हकको व्यवस्था समेत गर्को छ ।

बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ मा १८ वर्ष पुरा नगरेका बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन नपाउने व्यवस्था छ । श्रम ऐन, २०७४ को दफा ५ मा कसैले पनि बालबालिकालाई कानुन विपरित हुने गरी काममा लगाउन नपाउने व्यवस्था छ । यसैगरी बालश्रम निवारण सम्वन्धी राष्ट्रिय गुरुयोजना (२०७५–०८५) ले वि.स. २०७९ सम्ममा निकृष्ट तथा शोषणयूक्त बालश्रम तथा वि.स.२०८२ सम्म सवै प्रकारका बालश्रमको अन्त्य गर्ने उदेश्य राखेको छ ।

गाउँपालिकालाई सभ्य, शिक्षित, विकसित बनाउन, नेपालले बालअधिकार सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरिएका प्रतिवद्धताको कार्यान्वयनका लागि यस सानीभेरी गाउँपालिकामा बालश्रम अन्त्य गर्दै प्रदेश एवं सिंगो राष्ट्रलाई बालश्रम मुक्त गर्न स्थानीय तह एक हिस्सा भएको हुदाँ, बालश्रम मुक्त गर्न बाञ्छनीय भएकोले सानीभेरी गाउँपालिका **बालश्रममुक्त घोषणा सम्वन्धी कार्यविधि २०७७** पारिद गरिएको छ ।

## परिच्छेद –१

## प्रारम्भिक

### संक्षिप्त नाम र परिभाषाः

**१. यस कार्यविधिको नामः** "**गाउँपालिका बालश्रममुक्त घोषणा सम्वन्धी कार्यविधि २०७७**" रहेको छ।

(१) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

(क) "गाउँपालिका" भन्नाले सानिभेरी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले सानिभेरी गाउँपालिका सरकारलाई सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले सानिभेरी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सानिभेरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) "बालश्रम" भन्नाले कानुनले तोकेको उमेर नपुगेका कुनैपनि बालबालिकलाई शारीरिक वा मानिसक रुपमा क्षेति पुग्ने गरी बाधयात्कम श्रममा लगाउनु तथा यौनशोषणलाई बालश्रम सम्झनु पर्छ ।

(च) "बालबालिका" भन्नाले १८ वर्ष उमेर नपुगेका केटा वा केटी दुवैलाई जनाउनेछ ।

(छ) "बाल अधिकार अधिकृत एवं बालकल्याण अधिकारी" भन्नाले यस सानीभेरी गाउँपालिकाले बालबालिकाको क्षेत्रमा काम गर्न जिम्मेवारी तोकिए बमोजिमको कर्मचारीलाई जनाउने छ ।

(ज) "संरक्षक" भन्नाले आमाबुवा, एकाघरमा बसोवास गर्ने बाजे, बज्यै, ( माउली घरका समेत) दाजुभाउजू र काकाकाकी लगायत सरक्षक गर्ने व्यक्तिलाई जनाउनेछ ।

## परिच्छेद २

## उद्देश्य र लक्षित समुह

**३. उद्देश्यः** सानीभेरी गाउँपालिकालाई बालश्रममुक्त घोषणा गर्न यस कार्यविधीले मार्ग प्रसस्त गर्नमा सहयोग पुर्याउने छ ।

४. **<u>लक्षित समुह</u>**ः बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ तथा बालश्रम निवारण सम्वन्धी राष्ट्रिय गुरुयोजना (२०७५–०८५) अनुसार देहाय बमोजिमको क्षेत्रमा संलग्न बालबालिकालाई यस कार्यविधिले लक्षित गरेको छ ।

(क) घरेलु बालश्रम,

(ख) बाल भरिया,

(ग) कृषि तथा पशुपालन बालश्रम,

(घ) लागु पदार्थ संकलन, बेचविखन तथा ओसारपसारमा संलग्न बालश्रम,

(ङ) बुनाई बालश्रम,

(च) ईट्टा उद्योगको बालश्रम,

(छ) खानी क्षेत्रका बालश्रम,

(ज) मनोरञ्जन क्षेत्रका बालश्रम (यौन शोषण समेत)

(झ) यातायात क्षेत्रका बालश्रम,

(ञ) जरी तथा बुट्टा भराइमा संलग्न बालश्रम,

(ट) छिमेकी देशमा पुर्याइएका बालश्रम,

(ठ) यान्त्रिक वा रसायनिक क्षेत्रमा काम गर्ने बालश्रम,

(ड) सडक व्यपारमा संलग्न बालश्रम,

(ढ) जडीबुटी संकलन गर्ने बालश्रम,

(ण) भौतिक पुर्वाधार क्षेत्रको बालश्रम,

(त) होटेल रेष्टुराका बालश्रम,

(थ) गाउँपालिका तथा स्थानीय बालअधिकार समितिले तोकेका अन्य,

## परिच्छेद ३

## बालश्रम घोषणाका सुचक

५. सुचकहरुः बालश्रम मुक्त सानीभेरी गाउँपालिका घोषणाका लागि देहाय बमोजिमका सुचकहरु न्यूनतम मापदण्डको रुपमा रहनेछन् ।

(१) अद्यावधिक तथ्यांक र अभिलेखिकरणः

(क) सानीभेरी गाउँपालिकामा जन्मिएका बालबालिकाको जन्मदर्ताको विवरणः

(ख) अनुसुची १ बमोजिम सर्वेक्षण गरको हुनुपर्ने ।

(ग) गाउँपालिकामा रहेका बालश्रमसँग सम्वन्धित विभिन्न सरोकारवालाहरु ( स्थानीय प्रहरी प्रशासन, विद्यालय, बाल विज्ञ, बालश्रम विरुद्ध काम गर्ने गैर सरकारी संस्था, बालक्लव आदी ) को सुचिकरण एवं नक्शाङ्कन गरेको ।

(घ) बालश्रम हुन सक्ने सम्भावित क्षेत्रहरुवाट बालश्रम प्रयोग नगर्ने प्रतिवद्धता पत्र,

(२) गाउँपालिकामा बालश्रम निवारणको लागि छुटै निति वा अन्य कुनै नितिमा बालश्रम निवारणको विषय समावेश भएको हुनुपर्नेछ ।

(३) सानीभेरी गाउँपालिकाले बालश्रम निवारण सम्वन्धी देहाय बमोजिमका कार्यक्रम अनिवार्य सञ्चालन गरेको हुनुपर्नेछ ।

(क) बालश्रम निवारण सम्वन्धी चेतनामुलक र मनोपरामर्श सम्वन्धी कार्यक्रम,

(ख) बालश्रमिक सम्वद्ध परिकारका लागि बैकल्पिक आय आर्जनका कार्यक्रम,

(ग) पढाइ नियमित नभएका (१५ देखि १८ वर्ष सम्मका) बालश्रमिकका लागि सिपमुलक कार्यक्रम,

(घ) बालश्रम विरुद्ध सक्रिय संघ संस्था तथा व्यवसायीलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रम,

(ङ) सामाजिक सुरक्षा सम्वन्धी कार्यक्रम,

(च) बालश्रम सम्वन्धमा निरन्तर अनुगमन तथा बालश्रममा रहेका वा बालश्रममा पर्न सक्ने जोखिममा रहेका बालबालिकाको उद्धार, पुनस्थार्पना तथा पुनर्मिलन सम्वन्धी कार्यक्रम,

(छ) बालश्रमिकहरुको शैक्षिक विकास कार्यक्रम,

४ बालश्रम निवारण सम्वन्धी उपनियम (३) बमोजिम कार्यक्रम संचालन गर्न गाउँपालिकाले आवश्यक बजेटको व्यवस्था गर्ने छ ।

५ संस्थागत व्यवस्थाः

(क) बालबालिकाको क्षेत्र हेर्ने स्थानीय बालअधिकर समिति र कर्मचारीको रुपमा काम गर्ने बालअधिकार अधिकृत एवं (बालकल्याण अधिकारी) व्यवस्था भएको ।

(ख) वडा स्तरीय बालअधिकार समिति एवं बाल संरक्षण समिति र बालकल्व एवं बालसंजालहरु गठन भएको ।

(ग) स्थानीय बालमैत्री समिति गठन एवं क्रियासिल भएको ।

(घ) आपतकालिका बालउद्धार कोष संचालनको व्यवस्था भएको ।

(ङ) बालश्रम अनुगमन तथा कार्वाहीको लागि संयन्त्र भएको ।

(च) उद्धार गरिएका बालबालिकाहरु व्यवस्थापन गर्ने व्यवस्था भएको ।

६. शिक्षाको अवस्थाः

(क) विद्यालय जाने उमेरका बालबालिकाको विद्यालयमा भर्नादर कम्तीमा ९५ प्रतिशत भएको ।

(ख) विद्यालय छोड्ने दर घट्दो हुनु पर्ने ।

(ग) विद्यालयमा बालबालिकाको नियमित शिक्षाका लागि विद्यालय तथा समुदाय स्तरमा अभिभावक शिक्षा (Parenting Education ) कार्यक्रम संचालन भएको ।

७. सहयोग, समन्वय तथा सहकार्यको व्यवस्थाः

(क) सानीभेरी गाउँपालिकाले सरोकारवाला निकाय, विद्यालय, रोजगारदाता, ठेकेदार, श्रमिक संगठन, नागरिक समाज, गैर सरकारी संघसंस्था समन्वय गरी बालश्रम निवारणका लागि समन्वय तथा सहकार्य भएको ।

(ख) सानीभेरी गाउँपालिकाले बालश्रम निवारणका लागि प्रदेश र संघको सम्वन्धित मन्त्रालयहरुमा सुचना आदान प्रदान, कार्यक्रम संचालन, आवश्यक श्रोत सम्वन्धमा सहकार्य गरेको ।

(ग) स्थानीय बालअधिकार समितिको संयोजनमा साझेदारी निकायहरुसँग बालश्रम निवारण सम्वन्धी ठोस योजना तथा कार्यन्वयन गर्न सहकार्य भएको ।

## परिच्छेद ४

## बालश्रमको श्रर्वेक्षण

(१) अनुसुची १ बमोजिमको फारम गाउँपालिका आफै वा साझेदारी निकायको सहायतामा भर्न सकिनेछ ।

(२) गाउँपालिकाले सर्वेक्षण तथा अन्य आवश्यक विषयमा प्रदेश एवं संघिय सरकारसँग समन्वय गर्नेछ ।

**८. प्रस्तावः** बालश्रम मुक्त गाउँपालिका घोषणाका कार्यक्रम संचालनका लागि सर्वेक्षण गरि सकेपछि मन्त्रालयले अनुसुची २ बमोजिम प्रस्ताव मागगरी प्रक्रिया अगाडी वढाउनु पर्नेछ ।

**९.प्रस्ताव मुल्यांकनका आधारहरुः** दफा ८ बमोजिमको प्रस्ताव मुल्यांकन गर्दा अनुसुची २ मा उल्लेखित क्रियाकलापलाई आधार मानिनेछ र यसरी मुल्यांकनलाई देहायका सुचकहरुलाई आधार मान्न सकिनेछ ।

(क) गाउँपालिकावाट बालश्रम न्यूनिकरणमा छुट्याइएको बजेट।

(ख) बालश्रम न्यूनिकरणमा गाउँपालिकाले गरेका कामको विवरण ।

(ग) बालश्रम न्यूनिकरणका लागि कोषको अवस्था ।

## परिच्छेद ५

## श्रोतको व्यवस्थापन

१०. बालश्रम मुक्त कार्यक्रम संचालन एवं श्रमिक बालबालिकालाई निरन्तर शिक्षा तथा संरक्षणका लागि बार्षक रुपमा कम्तीमा ४ लाख सम्म रकम विनियोजन गरिनेछ र सोही रकम एवं अन्य प्राप्त रकम कानुनको परिधी भित्र रही आवश्यक योजना अनुरुप बालश्रम न्यूनिकरणका लागि सचेतनामुलक कार्यक्रममा समेत खर्च गर्न सकिनेछ ।

## परिच्छेद ६

## अनुगमन तथा मुल्यांकन

११. राष्ट्रिय स्तरमा बालश्रम मुक्त स्थानीय तह घोषणा सम्वन्धी कार्यक्रम तर्जुमा, संचालन, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन बालश्रम (निषेध र नियमिन गर्ने ) ऐन बमोजिम गठित बालश्रम निवारण समितिले गर्नेछ ।

१२. प्रदेशमा सामाजिक विकास मन्त्रालयको सचिबको संयोजकत्वमा अन्य विभिन्न सरोकारवालाहरुको सहभागिता सहितको संलग्नतामा रहेको प्रदेश समन्वय समितिसँग पालिकाले आवश्यक सहकार्य गर्नेछ ।

१३. गाउँपालिकामा तपसिल बमोजिकको ७ सदसीय बालश्रम न्यूनिकरण सम्वन्धी समन्वय तथा अनुगमन समिति गठन गरिनेछ।

| | |
|---|---|
| (१) सामाजिक विकास समितिको संयोजक | संयोजक |
| (२) बजार व्यवस्थापन समितिको अध्यक्ष | सदस्य |
| (३) स्थानीय तहको रोजगार संयोजक | सदस्य |
| (४) स्थानीय तहको प्रहरी प्रमुख | सदस्य |
| (५) स्थानीय तहमा कार्यरत गैं.स.स. को प्रतिनिधी | सदस्य |
| (६) स्थानीय तहको नागरिक समाज प्रतिनिधी | सदस्य |
| (७) बालअधिकार अधिकृत एवं बालकल्याण अधिकारी | सदस्य सचिव |

समितिको बैठक तथा अनुगमन खर्च गाउँपालिका नियम अनुसार हुनेछ ।

१४. समितिको काम कर्तव्य र अधिकारः

(क) बालश्रम न्यूनिकरण सम्वन्धी ठोस योजना निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्ने ।

(ख) तथ्यांक संकलन तथा सोहीको व्यवस्था मिलाउने ।

(ग) बालश्रम अनुगमन गर्ने ।

(घ) बालश्रम न्यूनिकरण सम्वन्धी सचेतना कार्यक्रमहरु संचालन गर्ने ।

(ङ) श्रमिक बालबालिकालाई संरक्षणका लागि अभिभावकलाई रोजगारमा जोड्ने व्यवस्था मिलाउने ।

(च) श्रमिक बालबालिकालाई निरन्तर शिक्षामा जोड्ने ।

(छ) समितिको बैठक बसी मन्त्रालय एवं सरोकारवाला क्षेत्रसँग समन्वय गर्ने ।

(ज) बालश्रमिक न्यूनिकरण भएमा बालश्रममुक्त गाउँपालिका घोषणाको लागि आवश्यक पहल गर्ने ।

(झ) बालश्रम मुक्त पालिकाको निरन्तर कार्यान्वयनका लागि गाउँकार्यपालिकासँग समन्वय सहकार्य एवं आवश्यक वजेटका लागि नवरन्तर पहल गर्ने ।

(ञ) वडा स्तरमा बालश्रम न्यूनिकरण समन्वय समिति गठन गरी क्रियासिल गराउने । वडा स्तरमा वडा बालअधकार समिति एवं बाल संरक्षण समितिले क्रियासिल भएर काम गर्नेछ ।

परिच्छेद ७

घोषणा प्रकिया

१५.स्थानीय तहको वडा समितिले परिच्छेद ३ बमोजिम सुचकहरु पुरा गरी वडा स्तरीय बालअधकार एवं बाल संरक्षण समिति हुदै वडा समितिले बालश्रममुक्त वडा घोषणाको निर्णय सहित सिफारिस गरिनु पर्नेछ ।

१६. निवेदन प्राप्त भए पश्चात सथानीय समन्वय समितिले अनुगमन गर्नेछ ।

१७. अनुगमन समितिले अनुगमन गरी गाउँपालिका अध्यक्ष समक्ष अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१८.स्थानीय अनुगमन समितिको प्रतिवेदनको आधारमा कार्यपालिकाको बैठकवाट बालश्रममुक्त वडा घोषणा गर्नेछ।

१९.गाउँपालिकाका सवै वडा बालश्रममुक्त घोषणा भइसकेपछि परिच्छेद ३ मा उल्लेखित सुचकका आधारमा कार्यपालिकाको प्रस्तावमा गाउँसभाले बालश्रममुक्त स्थानीय तह घोषणा गर्नेछ ।

२०. बालश्रममुक्त पालिकाको निरन्तर कार्यान्वयनका लागि आपतकालिन बालउद्धार कोष मार्फत रकमको व्यवस्था र यसको निरन्तर कार्यान्वयन हुनेछ ।

परिच्छेद ८

विविध

२१. कार्यविधि संसोधन सम्वन्धी व्यवस्थाः कार्यविधि परिमार्जनका लागि आवश्यक पर्रे गाउँकार्यपालिका एवं गाँउसभाले संसोधन गरी थपघट गर्न सक्नेछ ।

आज्ञाले,
नामःभूपाल सिं विष्ट
प्रमुख प्रशासकीय अधिकृत